घिरिङ गाउँपालिका
गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८१/०८२/१ मिति : २०८१/०४/१४
बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा
समय बैठक शुरु विहानको :- ८.००
बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) विपद सम्बन्धमा ।

२) पसल तथा संस्था दर्ता अभियान सम्बन्धमा ।

३) दररेट निर्धारण सम्बन्धमा ।

४) विविध सम्बन्धमा ।

क, स्थानीय न्यायिक सहजकर्ता छनौट सम्बन्धमा ।

ख, श्रीङ्गपथ-गाईघाट (चितवन) श्रृषिङ्ग-चापाकोट -गल्याङ्ग(स्याङजा) सडक पोखरीछाप कटहरे मोहमी(२० कि.मी.) सायसुझाव सहित सिफारिस सम्बन्धमा ।

ग, मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव सम्बन्धमा ।

घ) स्थानीय अपाङ्गता समन्वय समिति गठन सम्बन्धमा ।

ङ) स्वास्थ्य सेवाका कर्मचारीको तहबृद्धि सम्बन्धमा ।

च) शिक्षा योजना कार्यदल सम्बन्धमा

छ) घटना दर्ता अभिलेख सम्बन्धमा ।

ज) हाते ट्याक्टरको रकम भुक्तानी सम्बन्धमा ।

ज) गाउँ शिक्षा योजना सम्बन्धमा ।

झ) आ.व.२७९/०८० देखि हालसम्मका भएका ठेक्काहरुको म्याद थप सम्बन्धमा ।

ञ) १० सैयाको आधारभुत अस्पताल संचालन गर्ने सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं.१ माथि छलफाल गर्दा बाढी पहिरोबाट क्षति भै आर्थिक सहायता पाउ भनि प्राप्त भएका निवेदनहरुमा तत्काल प्राविधिक खटाई कार्यालयबाट आवश्यक स्थानमा सक्दो सहायता दिने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

बैठक संख्याः २०८१।०८२ – ०१

## बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक ।

मितिः- वि. स. २०८१ साल साउन १४ गते सोमबार समय ११.०० बजे देखि सुरु ।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू ।

स्थानः गाउँपालिका सभाहल तनहुँ ।

उपस्थित पदाधिकारीहरुको विवरणः

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | [signature] | |
| २ | श्री राधादेवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | [signature] | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | [signature] | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा न. १ वडाअध्यक्ष | [signature] | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिकावडा न .२ वडाअध्यक्ष | [signature] | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिकावडा न. ३ वडाअध्यक्ष | [signature] | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिकावडा न. ४ वडाअध्यक्ष | [signature] | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिकावडा न. ५ वडाअध्यक्ष | [signature] | |
| ९ | श्री पार्बती वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| १० | श्री ईश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| १२ | श्री सरिता वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| | | राष्ट्र सेवक कर्मचारी | | |
| १५ | ध्रुवराज | ढाकाछेत्री अधिकृत | [signature] | |
| १६ | | | | |
| १७ | | | | |
| | | | | |

निर्णय नं २ प्रस्ताव नं.२ माथि छलफाल गर्दा पालिका भित्र रहेका पसल तथा संस्थाहरुको व्यवस्थित संचालनका लागि सम्वन्धित स्थानमै नै शिविर सञ्चालनका लागि तत्काल सुचना प्रकाशन गरी अभियानको रुपमा काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं.३ माथि छलफाल गर्दा आ.व.२०८१/०८२ को पालिका दररेट स्वीकत गर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ मा तपसिल अनुसार निर्णय गरियो ।

क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय,पोखराको च.नं ८५ मिति २०८१/०४/११ को पत्रानुसार स्थानीय तहमा न्यायिक समितिको काम कारर्वाहीमा सहजीकरण गर्न तथा स्थानीय तहको दैनिक प्रशासनिक कार्यमा कानूनी दृष्टिकोणबाट सहयोग पुऱ्याउने उद्धेश्यले स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) कार्यविधि २०८१ को दफा ५ मा प्रत्येक वर्षका लागि आवश्यक पर्ने न्यायिक सहजकर्ताको लागि सम्बन्धित स्थानीय तहबाट मन्त्रालयले माग संकलन गर्ने साथै सोही कार्यविधिको दफा १०(३) मा न्यायिक सहजकर्ताको लागि आवश्यक पर्ने पारिश्रमिक बराबरको रकममा गाउँपालिकाले व्यहोर्नु पर्ने १५ देखि २५ प्रतिशतसम्मको साझेदारी रकम व्यहोर्ने र यस पालिकालाई न्यायिक सहजकर्ता आवश्यक रहेको हुँदा सम्बन्धित निकायमा माग तथा प्रतिवद्धता पठाउने निर्णय गरियो ।

ख) सडक विभाग भू-वातावरण तथा सामाजिक शाखा बबरमहलको च.नं.०८ मिति २०८१/०४/१० को पत्रसाथ संलग्न श्रीङ्गपथ-गाईघाट (चितवन) श्रृषिङ्ग-चापाकोट -गल्याङ्ग(स्याङजा) सडक पोखरीछाप कटहरे मोहमी(२० कि.मी.) राय /सुझाव सहित सिफारिस प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

ग) गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको चालु आ.व.२०८१/०८२ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को दफा १५ बमोजिम सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र कार्यालय समयमा दफा ११ अनुसारको योग्यता पुगेका स्थानी तहले अनुसूची-१ अनुसारका विषय क्षेत्रमा परियोजना संचालनका लागि अनुसूची -४ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी कार्यविधिको अनुसूची -५ बमोजिमका सबै काजात सहित सक्कल प्रति आवेदन पेश गर्ने गरी यसै गाउँपालिका वडा नं.३ उवाथोकको सुन्तला पकेट क्षेत्रलाई तोकिएको हुँदा सम्बन्धित स्थानबाट आवश्यक प्रक्रिया अगाडी बढाउनका लागि जानकारी दिने निर्णय गरियो ।

घ) स्थानीय अपाङ्गता समन्वय समिति गठन तपसिल अनुसार रहने निर्णय गरियो ।

१, गाउँ कार्यपालिका उपाध्यक्ष - संयोजक

२, गाउँ कार्यपालिकाको महिला सदस्यबाट - श्री पार्वती वि.क.

३, पालिका भित्रका माध्यामिक विद्यालयका प्रधानाध्यापक मध्ये श्री चन्द्र ज्योति मा.वि.धिरिङ-३ बाट

४) गाउँपालिका अध्यक्ष ज्यूले तोकेको स्थानी स्वास्थ्य चौकीबाट - श्री प्रितम थापा

५) स्थानीय प्रहरी चौकी प्रमुख - पोखरीछाप प्रहरी चौकीबाट

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

६) अपाङ्गता भएका व्यक्तिको हक,हित र संरक्षणको क्षेत्रमा काम गर्ने संस्थाहरुबाट गाउँ कार्यापालिका अध्यक्षबाट मनोनयन गरेको व्यक्ति श्री कृष्ण प्रसाद अधिकारी

७) पालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्ये अपाङ्गता समन्वय समितिले मनोनित गरेको एक जना महिला सहित - श्री केशर कुमाल,श्री संगिता नेपाली र श्री हर्ष बहादुर थापा

८) नेपाल सहकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कर्मचारी -

९) पालिका उपप्रमुखले तोकेको गाउँ कार्यपालिकाको कर्मचारी -सदस्य सचिव श्री हिरामान श्रेष्ठ

ङ) स्वास्थ्य सेवाका कर्मचारीको तहबृद्धि सम्बन्धमा घिरिङ गाउँपालिकाको सुचना नं.१ २०८०/०८१ मिति २०८१/०३/२४ मा प्रकाशित सुचना अनुसार मिति २०८१/०३/३१ गते सम्म प्राप्त स्थानिय स्वास्थ्य सेवा अधिकृत छैठौ तह जनस्वास्थ्य निरीक्षक श्री कृष्ण प्रसाद रिमालको आवेदन मात्र प्राप्त भएकोमा स्थानीय स्वास्थ्य सेवाको तहवृद्धि स्थानीय सेवा (गठन तथा सन्चालन ) ऐन,२०७९ को दफा २७ उपदफा (२),(३) र (८) मा भएको व्यवस्था बमोजिम जनस्वास्थ्य निरीक्षक अधिकृत स्तर छैठौ तहबाट जनस्वास्थ्य अधिकृत सातौ तहमा तहवृद्धि गर्ने निर्णय गरियो ।

च) घिरिङ गाउँपालिको आ.व. २०८१/०८२ का लागी शिक्षा क्षेत्रको विकासका लागी गाँउ शिक्षा योजना तयार गरी कार्यदल समेत गठन गर्ने निर्णय गरियो ।

छ) घटना दर्ता अभिलेख सम्बन्धमा साविक गा.वि.स.कार्यालयदेखि हाल सम्मका घटना दर्ताको अभिलेख रजिष्टरहरु (धमिरा, पालिका कार्यालयमा कार्यालय भित्र वर्षादको पानि पस्दा साथै अन्य कारणबाट) नष्ट भई अभिलेख रजिष्टरमा विवरण नभेटिएका तर सम्बन्धित व्यक्तिले आफुले प्राप्त गरेको घटना दर्ता प्रमाण पत्र लिई कार्यालयमा उपस्थित भएमा सोही प्रमाण पत्रलाई आधार मानि नयाँ अभिलेख कायम गरी घटना दर्ता प्रतिलिपि उपलब्ध गराउने भन्ने निर्णय गरियो ।

ज) हाते ट्याक्टरको रकम भुक्तानी सम्बन्धमा आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको कृषि यन्त्र तथा औजार वितरण ५० प्रतिशत अनुदान शिर्षकको रकम नियमानुसार भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

झ) गाउँ शिक्षा योजना सम्बन्धमा चालु आ.व.२०८१/०८२ मा शिक्षा,युवा तथा खेलकुद शाखाको गाउँ शिक्षा योजना निर्माण शिर्षकको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न यु.एस.ए.आइडी प्रारम्भिक सिकाई कार्यक्रमबाट प्राविधिक सहयोग लिई घिरिङ गाउँपालिकाको शैक्षिक योजना निर्माण कार्य प्रक्रियागत रुपमा अगाडी बढाउने निर्णय गरियो ।

ञ) आ.व.२७९/०८० देखि हालसम्मका भएका ठेक्काहरु र म्याद थप तपसिल अनुसार रहने निर्णय गरियो

तपसिल,

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

| क्र . स . | ठेक्काको नाम | ठेक्का नम्बर / कोड | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | फर्म/कम्पनी | म्याद थप हुने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | घ्याछाप पुट्टार मोटर मार्ग | 01/NCB/WORKD/GRM/2079-080 | २०७९ माघ २५ | २०८१ असार मसान्त | क्याप कन्स्ट्रक्सन प्रा.लि., पोखरा | २०८१ पौष मसान्त | |
| २ | पशुपति मोटर मार्ग (पहिलो खण्ड) | 09/NCB/WORKD/GRM/2079-080 | २०७९ फाल्गुन १४ | २०८२ असार मसान्त | प्रविन कन्स्ट्रक्सन , भक्तपुर | २०८१ पौष मसान्त | |
| ३ | वडा कार्यालय भवन निर्माण | 02/ NCB/WORKS/GRM/2080-81 | २०८० असोज २४ | २०८१ असार १ | सापकोटा निर्माण सेवा , तनहुँ | २०८१ पौष मसान्त | |
| ४ | चन्द्रज्योति ४ कोठे भवन निर्माण | 07/ NCB/WORKS/GRM/2080-81 | २०८० मंगसिर २१ | २०८१ असार १६ | माता नवदुर्गा कन्स्ट्रक्सन , गोरखा | २०८१ पौष मसान्त | |
| ५ | गाउँपालिका प्रशासकीय भवन तला थप | 09/ NCB/WORKS/GRM/2080-81 | २०८० माघ २ | २०८१ असार १७ | सहयोगी कन्ट्राकटर एण्ड ट्रेडिंग प्रा.लि. | २०८१ असोज मसान्त | |
| ६ | पशुपति मोटर मार्ग (दोस्रो खण्ड) | 11/ NCB/WORKS/GRM/2080-81 | २०८० माघ १० | २०८१ असार १७ | गौरव - एस.एस.जे.भी , काठमाडौं | २०८१ पौष मसान्त | |
| ७ | हाते ट्याक्टर खरिद | 03/NCB/GOODS/GRM/2080-081 | २०८१ असार १० | २०८१ असार २५ | युनिभर्सल एण्ड टूल्स एण्ड सप्लायर्स , रामपुर | २०८१ साउन मसान्त | |
| ८ | नयाँटार सिंचाई आयोजना | 12/ NCB/WORKS/GRM/2080-81 | २०८० चैत २२ | २०८१ असार ७ | जि.के.थापा कन्स्ट्रक्सन , काठमाडौं | २०८१ पौष मसान्त | |
| ९ | मदन मोटर मार्ग पहिलो खण्ड | 12/ NCB/WORKS/GRM/2070-80 | २079 फाल्गुण १४ | २०८२ असार मसान्त | प्रविन कन्स्ट्रक्सन , भक्तपुर | २०८१ पौष मसान्त | |
| १० | चन्द्रकोट भ्यू टावर | 08/SQ/WORKS/GRM/2077-078 | २०७७ चैत १६ | | | २०८१ पौष मसान्त | |

ञ) १० शैयाको घिरिङ आधारभुत अस्पताल यसै गाउँपालिका वडा नं.३ सुन्धारामा संचालन गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष